राक्सिराङ्ग गाउँपालिका

गाउँ कार्यपालिका,चैनपुर, मकवानपुर

**बैठक संख्या : ०३/२०८२/०८३**

मिति : २०८२/०६/०७ गते मंगलबार

ने.सं. ११४५ कौलाथ्व २ मंगलवार

समय : बिहान ११:०० बजे

आज मिति २०८२ असोज ०७ गते मंगलवार बिहान ११:०० बजे गाउँ कार्यपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्युको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.ब. २०८२/०८३ को तेश्रो बैठक बसी निम्नानुसारको निर्णय गरियो :

उपस्थितिः

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री बनस्तम थिङ | |
| ३ | सदस्य | श्री बाबी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४. | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइवा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि बहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | |
| १६ | सदस्य | श्री सिँहलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री पदम बहादुर बस्नेत | |

## सम्भावित कार्यसूची

बैठक संख्या : ३/२०८२/०८३

मिति : २०८२/०६/०७ गते मंगलबार
ने.सं. ११४५ कौलाथ्व २ मंगलवार
समय : बिहान ११:०० बजे

**राक्सिराङ्ग गाउँपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्युको अध्यक्षतामा बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को तेश्रो बैठकमा छलफलका सम्भावित विषयवस्तुहरु**

१. विजयादशमी, शुभ दिपावली तथा छठको अवसरमा शुभकामना।
२. कार्यसञ्चालन कार्यविधि संशोधन प्रस्ताव।
३. प्रशासनिक भवनमा गरिएको आगजनी सम्बन्धमा।
४. लोथर खोलाको दहत्तर बहत्तर सम्बन्धमा।
५. म्याद थप सम्बन्धमा।
६. संघीय बहुवर्षीय ठेक्का सम्बन्धमा।
७. भेरीयसन अर्डर स्वीकृत सम्बन्धमा।
८. गत वर्ष सिर्जना भएको आर्थिक दायित्व सम्बन्धमा।
९. वालीविज्ञान कक्षा थप तथा विद्यालयमा लेखा कर्मचारी पदपुर्ति सम्बन्धमा।
१०. विविध सम्बन्धमा।

...............................
(पदम बहादुर बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

**नोटः**.............................................................................................................................
.............................................................................................................................
.............................................................................................................................
...........................................................

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिका,चैनपुर, मकवानपुर
बैठक संख्या : ३/२०८२/०८३

मिति : २०८२/०६/०७ गते मंगलबार
ने.सं. ११४५ कौलाथ्व २ मंगलवार
समय : बिहान ११:०० बजे

निर्णय नं. १:

नेपालीहरुको महान चाडहरु विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत ११४६ तथा छठ पर्वको सुअवसरमा राक्सिराङ्ग गाउँपालिकाबासी सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदिबहिनी साथै स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीजनहरुमा सुख शान्ति सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकाना व्यक्त गर्ने।

निर्णय नं. २:

राक्सिराङ्ग गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ माथि देहायबमोजिम संशोधन गर्ने:

क. परिच्छेद-३ को दफा ३ (क) लाई देहायबमोजिम प्रतिस्थापन गर्ने:
*गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई रुजु हाजिर भएको दिनमा प्रतिदिन रु.१०० को दरले खाजा खर्च उपलब्ध गराईनेछ। गाउँपालिका क्षेत्रभित्र भुक्तानी नहुने फिल्ड काज बाहेकको अन्य अवस्थामा फिल्ड, काज वा विदामा रहेको अवधिको खाजा खर्च उपलब्ध गराईने छैन। अतिरिक्त समय काम गरेवापत खाना तथा खाजा खर्च प्राप्त गरेका कर्मचारीहरुलाई उक्त अवधिमा यस सुविधा प्रदान गरिने छैन।*

ख. अनुसूची २ को प्राविधिक कर्मचारीको लागि प्रोत्साहन तथा अन्य सुविधा १ नं. र २ नं. तालिका निम्न तालिकाले प्रतिस्थापन गर्ने:

| सि.नं. | पद/तह | कार्यालय | ईन्धन/यातायात खर्च | मर्मत खर्च | सञ्चार खर्च | फिल्ड भत्ता | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शाखा प्रमुख | गाउँपालिका | २५०० | २००० | ५०० | ५००० | १०००० |
| २ | अधिकृतस्तर ६औं र सहायकस्तर ५औं र ४औं | वडा नं. १,४, ६,७,८ र ९ | २००० | १५०० | ५०० | ४५०० | ८५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | अधिकृतस्तर ६औ र सहायकस्तर ५औ र ४औ | वडा नं. २,३ र ५ | १५०० | १००० | ५०० | ४००० | ७००० |

<u>निर्णय नं. ३:</u>

नेपालमा मिति २०८२।०५।२३ र २४ गते भएको भ्रष्टाचार र राजनीतिक विकृतिहरुको विरुद्ध नेपाली नवयुवाहरु (Zen-G) को आन्दोलन समापन भैसकेपश्चात केहि अराजक समुहले रातको समयमा यस गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा भएको आगजनी तथा तोडफोडको घोर भर्त्सना गर्ने। साथै भ्रष्टाचार र सुशासनको मागसहित भएको शान्तिपूर्ण आन्दोलनको सन्दर्भमा गाउँपालिकाले समर्थन समेत जनाएको र आन्दोलनकारी समुहहरुले आधिकारिक रुपमा आन्दोलन समापन भएको घोषणा गरिसकेको सन्दर्भमा सोही राती ९:५७ बजे गाउँपालिकाभित्रकै केहि अराजक युवाहरुले मादक पदार्थ सेवन गरी ब्यक्तिगत रीस इवि राखेर गाउँपालिका भवन र अन्य सार्वजिक सम्पत्तिमा क्षति पुऱ्याएकोमा क्षतिको विवरण यकिन गरी कार्यालयमा सुरक्षित रहेका CCTV फुटेज लगायतका प्रमाणहरुको आधारमा आगजनीमा संलग्न तपसीलका व्यक्तिहरुलाई कानुन बमोजिम कारबाही गरी भविष्यमा हुन सक्ने अपराधिक गतिविधिलाई सचेततापूर्वक नियन्त्रणको लागि सम्बन्धित निकायमा जाहेरी पठाउने।

<u>तपसील</u>

१. राक्सिराङ्ग ३, लावति बल बहादुर वाईबाको छोरा अ. वर्ष ३० को सागर वाईबा

२. राक्सिराङ्ग ५, चैनपुर बस्ने शम्भु कुमार थिङ्गको छोरा अ. वर्ष ३० को अस्विन थिङ्ग

३. राक्सिराङ्ग ५, चैनपुर बस्ने भरत मुक्तानको छोरा अ. वर्ष २९ को आशिष मोक्तान

४. राक्सिराङ्ग ५, बाङ्दिराङ्ग बस्ने तिलक बहादुर थिङ्गको छोरा अ. वर्ष ३६ को मनराज थिङ्ग

५. कैलाश-१० घर भई मनहरी ६, नयाँवस्ति बस्ने अटो चलाएर हिड्ने विजय

<u>निर्णय नं. ४:</u>

यस राक्सिराङ्ग गाउँपालिका र रात्पि नगरपालिकाको सीमानामा रहेको लोथर खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा विक्री प्रयोजनको लागि अघिल्लो आ. व. २०८१/०८२ मा IEE भएको र उक्त खोलामा संयुक्त रुपमा ठेक्का बन्दोबस्त गर्ने भनि रात्पि नगरपालिकाले अनुरोध गरेकोमा दूवै स्थानीय तहको सहमतिमा संयुक्त अनुगमन समिति गठन गरी ठेक्का प्रकृया अगाडि बढाउने कार्यको लागि रात्पि नगरपालिकासँग समन्वय गरी कार्य प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. ५:

यस गाउँपालिका अन्तर्गत सञ्चालन भैरहेका पूर्वाधार विकास सम्बन्धी निम्नानुसार म्याद थप गर्ने

| सि.नं. | ठेक्का | ठेकेदार | थप भएपछिको म्याद |
|---|---|---|---|
| १ | Construction of 10 Bed Hospital-RAK/BLDG/NCB-22/2077/78 | लामा बानीया जेभी | २०८२।१२।३० |
| २ | वडा भवन निर्माण PRO/RAK/NCB/05-80/81 | विष्ट ईन्कर्पोरेशन प्रा. लि. | २०८३।०२।३० |
| ३ | Raksirang Rural Municipality Office Building, RAK/BLDG/NCB-13/77/78 | जय माता दि कन्स्ट्रक्सन प्रा. लि. | २०८२।०७।३० |

निर्णय नं. ६:

चालु आ.ब. २०८२/०८३ को लागि स्वीकृत कार्यक्रम तथा बजेट अनुसार संघीय समपुरक अनुदान तर्फको घोरकोटे अठारे कान्सिराङ्ग धादिङ्ग सडक स्तरीकरण योजनाको लागि हाल रु. एक करोड मात्र विनियोजन भएको, उक्त सडक नेपालको महेन्द्र राजमार्ग र पृथ्वी राजमार्ग जोड्ने सबैभन्दा छोटो सडक भएको र मकवानपुर जिल्लाको पश्चिम क्षेत्रकै रणनीतिक सडकको रुपमा रहेको उक्त सडक बहुवर्षीय सडकको लागत अनुमान अनुमानित रु. ४ करोड २७ लाख अनुसार बहुवर्षीय आयोजनाको रुपमा ठेक्का प्रकृया अगाडि बढाउन कार्यपालिका कार्यालयलाई अनुरोध गर्ने।

निर्णय नं. ७:

गाउँपालिका अन्तर्गत सञ्चालन भैरहेको सडक निर्माण ठेक्काहरु दुङ्गु गार्खा रोड अपग्रेशन वर्क्स र दुङ्गु अठारे डन्टार सडकको भेरिएशन अर्डर सम्बन्धमा गाउँपालिकाको प्राविधिक शाखाबाट पेस भए अनुसारको भेरिएसन रिपोर्ट स्वीकृत गरी अनुमोदन दिने।

निर्णय नं. ८:

गाउँपालिकाको केन्द्रिय प्रशासनिक भवन निर्माण ठेक्कामा गत आर्थिक वर्षमा सम्पन्न भएको कार्यहरुको आर्थिक दायित्व रु. ७४,८९,२०४ गत आर्थिक वर्षमा स्रोतअभावको कारणले भुक्तानी गर्न नसकिएकोमा गाउँपालिकाको लागि चालु आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम तथा बजेट अनुसार प्रशासकीय भवन निर्माण शीर्षकबाट गरिएको बिल बमोजिमको बाँकी रकम भुक्तानी स्वीकृत तथा अनुमोदन गर्ने।

निर्णय नं. ९:

गाउँपालिका अन्तर्गत सञ्चालित श्री सुर्योदय मावि, सरिखेतमा शैक्षिक सत्र २०८२ देखि सञ्चालन हुने गरी कक्षा १२ मा वाली विज्ञान अध्यापन गर्न अनुमति प्रदान गर्ने। साथै श्री प्रजा जागृति मावि, चैनपुरमा विद्यालय कर्मचारी (लेखापाल) नियुक्ति प्रकृया अगाडि बढाउन उक्त विद्यालयलाई अनुमति दिने।

निर्णय नं. १०: विविध

क. गाउँपालिका अन्तर्गतको राक्सिराङ्ग आधारभुत अस्पतालमा नाईट ड्युटीमा कार्य गर्ने कर्मचारीहरुलाई अस्पतालबाट प्राप्त हुने प्रमाणित शिफ्ट रोष्टर अनुसार प्रोत्साहन स्वरुप प्रति रात रु. २०० सुविधा उपलब्ध गराउने।

ख. श्री प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको सिफारिस अनुसार यस राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेको पशु चिकित्सक पदमा हाजिर हुन आउनुभएको रञ्जना गिरी, तिलोत्तमा नगरपालिका-१, रुपन्देहि, लाई मिति २०८२/०६/०२ देखि लागु हुने गरी स्थायी नियुक्ति प्रदान गर्ने।

ग. राक्सिराङ्ग गाउँपालिकाको खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने।

उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावहरुलाई सर्वसम्मत निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| ............ (सुजता दमाई) कार्यपालिका सदस्य | ............ (सजिना मुक्तान नेपाली ) कार्यपालिका सदस्य | ............ (शुशिला सुनार) कार्यपालिका सदस्य | ............ (शान्ता कुमारी अर्याल) कार्यपालिका सदस्य |
| ............ (सिङ्गलाल प्रजा) कार्यपालिका सदस्य | ............ (चन्द्रमान प्रजा) कार्यपालिका सदस्य | ............ (बाबी राम मुक्तान) वड़ा अध्यक्ष | ............ (बुद्ध राम मुक्तान) वडा अध्यक्ष |
| | | | |

| | | | |
|---|---|---|---|
| (उत्तम वाइवा) | (संजय कोइराला) | (हरि बहादुर प्रजा) | (अकल बहादुर मोक्तान) |
| वडा अध्यक्ष | वडा अध्यक्ष | वडा अध्यक्ष | वडा अध्यक्ष |

| | | |
|---|---|---|
| (राम बहादुर प्रजा) | (युसाई प्रजा) | (राम कुमार वाल्वा थिङ) |
| वडा अध्यक्ष | वडा अध्यक्ष | वडा अध्यक्ष |

| | |
|---|---|
| (बनस्तम थिङ) | (राजकुमार मल्ल) |
| उपाध्यक्ष | अध्यक्ष |